राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ६० २०८३ असोज २ गते शुक्रवार (18 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# योजना तर्जुमामा जनताको आवश्यकता समेट्नुपर्नेमा जोड

### योजना बैंक निर्माणदेखि गाउँगाउँमा सुझाव संकलन गर्ने तयारी; शिक्षा, कृषि, स्वास्थ्य र जलवायुलाई प्राथमिकता दिन सुझाव

दैनिक समाचारदाता

जनकपुरधाम, १ असोज । मधेश प्रदेशमा प्रादेशिक योजना तर्जुमा तथा योजना र कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ को नीतिगत समीक्षा गरिएको छ ।

मधेश प्रदेश सभा अन्तर्गतको अर्थ तथा योजना समितिको आयोजनामा बुधबार सम्पन्न कार्यक्रममा प्रदेशको आवश्यकता, उपलब्ध स्रोतसाधन र जनताको अपेक्षालाई आधार बनाएर आगामी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिइएको हो ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका सभामुख रामअशिष यादवले योजना तथा कार्यक्रम आवश्यकता र परिस्थितिअनुसार परिवर्तनशील हुने भएकाले विगतका योजनामा देखिएका समस्या तथा कमजोरीको समीक्षा गरी आगामी योजना निर्माणमा त्यसलाई सुधार गर्नुपर्ने बताउनुभयो ।

उहाँले मधेश प्रदेशले आफ्नै गौरवका योजनासमेत सञ्चालन गर्दै आएको उल्लेख गर्दै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा पाँच किलोमिटर सडक निर्माण गर्ने योजना प्रदेशको गौरवको योजनाका रूपमा अघि बढाइएको बताउनुभयो । यसैगरी 'बेटी बचाउ, बेटी पढाउ' अभियान, मधेश कृषि विश्वविद्यालय तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानजस्ता कार्यक्रमलाई पनि गौरवका योजनाका रूपमा निरन्तरता दिनुपर्ने उहाँको भनाइ थियो ।

प्रदेशको साधनस्रोत सीमित भए पनि जनताको अपेक्षा धेरै रहेको उल्लेख गर्दै सभामुख यादवले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै सन्तुलित विकासलाई अघि बढाउनुपर्ने बताउनुभयो । संघीयताको मर्म र संरचनालाई संरक्षण गर्दै मधेश प्रदेशको आवश्यकता र विशेषताअनुकूल विकास योजना




आगामी दिनमा कार्यान्वयन गरिने उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य अञ्जना पण्डितले विकास निर्माणका योजना बनाउँदा मधेशमा रहेका सीमान्तकृत समुदायको विकासलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो । लैङ्गिक विभेद अन्त्य गर्न प्रदेश सरकारले लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो ।

विकास योजना छनोटमा सीमित व्यक्ति वा मन्त्रीको पहुँच र रुचि हाबी हुने प्रवृत्ति अन्त्य गरी जनताको वास्तविक आवश्यकता र प्राथमिकताका आधारमा योजना छनोट गर्नुपर्ने पण्डितले बताउनुभयो ।

गैरसरकारी संस्था उन्नतको समन्वयमा आयोजित कार्यक्रममा अर्थ तथा योजना समितिका सभापति अनिता साहले प्रदेशमा योजना बैंक निर्माण गर्ने सोच रहेको बताउनुभयो । प्रत्येक गाउँमा जनताले भोगिरहेका समस्या र उनीहरूको विकाससम्बन्धी आवश्यकता पहिचान गरी सुझाव संकलन गर्ने व्यवस्था मिलाइने उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार गाउँका सार्वजनिक स्थानमा गुनासो तथा सुझाव पेटिका राखेर स्थानीयवासीबाट प्राप्त सुझावका आधारमा विकास योजना छनोट गर्ने अभ्यासको सुरुवात गर्ने तयारी गरिएको छ । यसबाट योजना तर्जुमामा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा प्रादेशिक योजना तर्जुमा तथा योजना र कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ को नीतिगत समीक्षासम्बन्धी डिजिटल कार्यपत्र रविन्द्र श्रीवास्तवले प्रस्तुत गर्नुभएको थियो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेशकुमार कर्णले मधेश प्रदेश सरकारको विकाससम्बन्धी नीतिमै अन्योल देखिएको बताउनुभयो । उपयुक्त विकासको मोडेल छनोट गर्न नसक्नु तथा विकासको उपलब्धि मापन गर्ने स्पष्ट सूचक निर्धारण गर्न नसक्दा प्रदेशको विकास प्रक्रिया थप अन्योलग्रस्त बनेको उहाँको भनाइ थियो ।

उहाँले मधेश प्रदेशको विकासका लागि विज्ञहरूसँग व्यापक बहस र छलफल गरी उपयुक्त विकास मोडेल तय गर्नुपर्ने बताउँदै निःशुल्क तथा गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राख्न सुझाव दिनुभयो । कृषि, स्वास्थ्य र जलवायु परिवर्तनलाई पनि प्रदेशको प्रमुख प्राथमिकताका क्षेत्रमा राख्नुपर्ने उहाँको भनाइ थियो ।

कर्णले भौतिक संरचना निर्माणलाई मात्रै विकासको सूचक मान्न नहुने बताउँदै गेट तथा मन्दिर निर्माणजस्ता कार्यले प्रत्यक्ष रूपमा रोजगारी सिर्जना तथा उत्पादनमूलक क्षेत्रमा अपेक्षित योगदान नदिने तर्क गर्नुभयो । प्रदेशको विकासलाई उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य र नागरिकको जीवनस्तरमा आएको सुधारसँग जोडेर हेर्नुपर्ने उहाँको सुझाव थियो ।

कार्यक्रममा मानव वृक्षका सुरेश शर्मा, मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दास, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) का विटु श्रीवास्तवलगायतले पनि योजना तर्जुमा, विकासको प्राथमिकता र कार्यान्वयन प्रक्रियासम्बन्धी धारणा राख्नुभएको थियो ।

# खाता नखुल्दा बजेट कार्यान्वयनमा अन्योल

दैनिक समाचारदाता

जनकपुरधाम, १ असोज । आर्थिक वर्ष २०८३/८४ सुरु भएको दुई महिना बितिसक्दा पनि धनुषाका १८ स्थानीय तहमध्ये १२ वटा पालिकाको आर्थिक खाता सञ्चालनमा आउन सकेको छैन । नयाँ आर्थिक वर्षको बजेट कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण समयमा समेत आर्थिक कारोबार सञ्चालन हुन नसक्नु स्थानीय तहको प्रशासनिक तथा वित्तीय व्यवस्थापनप्रति गम्भीर प्रश्न हो ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाका अनुसार भदौ ३१ गतेसम्म जिल्लाका ६ वटा स्थानीय तहको मात्रै आर्थिक खाता सञ्चालनमा आएको छ । खाता सञ्चालन भएका स्थानीय तहमा जनकपुरधाम उपमहानगरपालिका, गणेशमान चारनाथ नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, जनकनन्दनी गाउँपालिका, धनौजी गाउँपालिका र औरही गाउँपालिका छन् ।

कार्यालयका अनुसार बाँकी स्थानीय तहले खाता सञ्चालनका लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा नगरेकाले आर्थिक कारोबार सुरु हुन सकेको छैन । स्थानीय तहको आर्थिक खाता सञ्चालनका लागि गाउँसभा वा नगरसभाबाट बजेट पारित, विनियोजन ऐन तथा अख्तियारी, स्वीकृत वार्षिक कार्यक्रम र जिन्सी निरीक्षणलगायतका प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ । तर, ती प्रक्रिया समयमै पूरा हुन नसक्दा खाता सञ्चालनमा ढिलाइ भएको हो ।

खाता सञ्चालन हुन नसकेका नगरपालिकामा मिथिला, क्षिरेश्वरनाथ, मिथिला

बाँकी पृष्ठ ४मा

## संविधान दिवस भव्य रुपमा मनाऔं

- संविधान देशको मूल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रूपमा मनाऔं,
- संविधानले प्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# प्रेम विवादको भयावह रूप

प्रेम सम्बन्ध मानव जीवनको स्वाभाविक र संवेदनशील पक्ष हो। आपसी विश्वास, समझदारी र सम्मानमा आधारित सम्बन्धले जीवनलाई सहज बनाउँछ। तर यही सम्बन्धमा विवाद उत्पन्न हुँदा त्यसलाई संवाद, समझदारी र कानुनी बाटोबाट समाधान गर्नुको सट्टा हिंसात्मक बाटो रोजियो भने परिणाम कति भयावह हुन सक्छ भन्ने पछिल्लो महोत्तरीको घटनाले देखाएको छ।

महोत्तरीको बलवामा २२ वर्षीय विवेककुमार सरदारको हत्या गरी शव नौ टुक्रा पारेर सेप्टी ट्याङ्कीमा लुकाइएको घटनाले समाजलाई गम्भीर रूपमा झस्काएको छ। प्रहरीले घटनामा संलग्न भएको आरोपमा चार जनालाई पक्राउ गरेको छ भने एक जना फरार रहेको जनाएको छ। प्रारम्भिक अनुसन्धानअनुसार मृतक विवेक र पक्राउ परेकी एक युवतीबीच प्रेम सम्बन्ध रहेको र सोही सम्बन्धसँग जोडिएको विवादपछि हत्या भएको प्रहरीको भनाइ छ। यद्यपि अनुसन्धान जारी रहेकाले घटनाको वास्तविक कारण र संलग्न व्यक्तिहरूको भूमिकाबारे अन्तिम निष्कर्ष अनुसन्धान र न्यायिक प्रक्रियाबाटै तय हुनेछ।

घटनाको क्रूरता केवल एउटा व्यक्तिको हत्या भएको विषयमा सीमित छैन। शवलाई टुक्रा पारेर सेप्टी ट्याङ्कीमा लुकाउनु र प्रमाण नष्ट गर्ने प्रयास गरिएको भनिएको पक्षले अपराधपछि अपराध लुकाउने मानसिकताको भयावह रूपसमेत देखाउँछ। कुनै पनि व्यक्तिगत सम्बन्ध, विवाद वा असहमतिलाई यस्तो आपराधिक हिंसामा परिणत गर्ने अधिकार कसैलाई छैन।

प्रेम सम्बन्धमा असहमति, पारिवारिक दबाब, सामाजिक अस्वीकृति, शंका वा अन्य कारणले विवाद उत्पन्न हुन सक्छ। तर विवाद समाधान गर्ने नाममा धम्की, कुटपिट, अपहरण वा हत्या रोज्नु कानुन र मानवीय मूल्य दुवैको गम्भीर उल्लङ्घन हो। सम्बन्ध बिग्रिएमा अलग हुने, परिवार तथा समुदायका जिम्मेवार व्यक्तिसँग संवाद गर्ने वा आवश्यक परे कानुनी सहायता लिने बाटो खुला हुन्छ।

यस घटनाले परिवार र समाजको भूमिकामाथि पनि प्रश्न उठाएको छ। युवायुवतीबीच सम्बन्ध कायम हुँदा उनीहरूलाई केवल नियन्त्रण र सामाजिक प्रतिष्ठाको दृष्टिले हेर्नुभन्दा विश्वास, संवाद र जिम्मेवार व्यवहारको वातावरण बनाउन आवश्यक छ। परिवारमा खुला संवादको संस्कार विकास गर्न सकिए धेरै विवाद प्रारम्भिक चरणमै समाधान हुन सक्छन्।

त्यस्तै, प्रहरीले घटनाको निष्पक्ष र गहिरो अनुसन्धान गरी संलग्न सबै पक्षको भूमिका स्पष्ट गर्नुपर्छ। प्रमाणका आधारमा दोषी देखिने व्यक्तिलाई कानुनअनुसार कारबाही र पीडित परिवारलाई न्याय दिलाउनु राज्यको दायित्व हो। अनुसन्धानका क्रममा कुनै निर्दोष व्यक्ति अन्यायमा नपर्ने कुरामा पनि उत्तिकै संवेदनशीलता आवश्यक छ।

महोत्तरीको यो घटना प्रेम सम्बन्धको होइन, विवादलाई हिंसाबाट समाधान गर्न खोज्ने आपराधिक प्रवृत्तिको गम्भीर उदाहरण हो। सम्बन्धमा असहमति हुन सक्छ, सम्बन्ध टुट्न सक्छ, तर जीवन खोस्ने अधिकार कसैलाई छैन। सभ्य समाजको पहिचान नै विवादको समाधान संवाद, सहमति र कानुनी प्रक्रियाबाट खोज्नु हो। त्यसैले यस्तो घटनाबाट पाठ सिक्दै परिवार, विद्यालय, समुदाय र राज्यका निकायले युवामा संवाद, सहिष्णुता र कानुनी चेतनाको विकासमा विशेष ध्यान दिन आवश्यक छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# एउटै विश्वकर्मा परम्परा : तीन फरक सामाजिक नियति

हीरा विश्वकर्मा

आज विश्वकर्मा पूजा। नेपाल र भारतका विभिन्न ठाउँमा विश्वकर्मा पूजाका अवसरमा औजार, मेसिन, सवारीसाधन र अन्य प्राविधिक सामग्रीको पूजा गरिन्छ। विशेषगरी मेकानिक, कारखाना तथा विभिन्न किसिमका प्राविधिक काममा संलग्न मानिसका लागि यो महत्त्वपूर्ण दिन हो।

तर विश्वकर्मा पूजा मनाउँदै गर्दा एउटा सामाजिक प्रश्नमा पनि ध्यान दिन आवश्यक छ- विश्वकर्मा नाम र परम्परासँग जोडिएका समुदायको सामाजिक हैसियत भारत, नेपालको मधेस र नेपालको पहाडमा किन फरक छ ?




भारतको बिहार र उत्तर प्रदेशमा विश्वकर्मा परम्परासँग जोडिएका बढई वा बरही समुदाय मुख्यतः सिकर्मीको कामसँग सम्बन्धित छन्। राष्ट्रिय पिछडा वर्ग आयोगको सामग्रीले बढई/बरहीलाई 'विश्वकर्माको वंशपरम्परासँग जोडिएको शिल्पी समुदाय' का रूपमा उल्लेख गरेको छ। बिहारमा उनीहरूका लागि बढईसँगै मिस्त्री, शर्माजी, विश्वकर्मा र ठाकुरजस्ता नाम पनि प्रयोग हुने उल्लेख पाइन्छ। बिहारको केन्द्रीय ओबीसी सूचीमा बढई/बरही समावेश छन्। भारतमा भने ओबीसी वर्गीकरण राज्यअनुसार फरक हुने भएकाले सबै विश्वकर्मा समुदायलाई एउटै श्रेणीमा राख्न मिल्दैन। बढई र लोहारलाई एउटै जात मानिँदैन।

बढई मुख्यतः काठ तथा सिकर्मीको कामसँग जोडिन्छन् भने लोहार फलामको कामसँग। तर दुवै समुदाय 'विश्वकर्मा शिल्प परम्परा' सँग जोडिएका पाइन्छन्। यसले विश्वकर्मा पहिचान केवल एउटा 'जात' भन्दा पनि विभिन्न शिल्प र पेसासँग जोडिएको 'व्यापक परम्परा' भएको देखाउँछ।

### *मधेसमा फरक सामाजिक अवस्था*

नेपालको मधेसमा पनि बढई, बरही र लोहारजस्ता शिल्पी समुदायको सामाजिक इतिहास पहाडी विश्वकर्मासँग उस्तै छैन। उपलब्ध अध्ययनहरूमा मधेसका बढई तथा लोहारलाई पहाडी दलित समुदायबाट अलग सामाजिक समूहका रूपमा वर्गीकृत गरिएको पाइन्छ। केही स्रोतले उनीहरूलाई 'पिछडा वर्ग' अन्तर्गत राखेको देखाउँछन्।

यसको अर्थ मधेसका यी समुदायले विभेद भोगेका छैनन् भन्ने होइन। प्रश्न यति मात्र हो कि नेपालकै दुई भौगोलिक क्षेत्रमा मिल्दोजुल्दो शिल्प र पेसासँग जोडिएका समुदायको जातीय वर्गीकरण फरक छ।

### *पहाडी विश्वकर्माको अवस्था*

पहाडी विश्वकर्मा नेपालको १० ठूला जनसङ्ख्याको सूचीमा ५.४ प्रतिशतसहित छैटौं नम्बरमा आउँछन्। उनीहरूको इतिहास भने छुवाछूतसँग जोडिएको छ। कामी, लोहार, सुनार, टमटा, चुनारा, पार्की, ओडलगायत समुदाय परम्परागत रूपमा विभिन्न शिल्प र सीपसँग सम्बन्धित छन् र राज्यको 'दलित वर्गीकरण' मा समेटिएका छन्।

यहाँ एउटा ठूलो विरोधाभास देखिन्छ- समाजलाई फलामका औजार चाहिन्थे, हतियार चाहिन्थे, कृषि उपकरण चाहिन्थे, गहना चाहिन्थे र विभिन्न निर्माणका लागि शिल्पी चाहिन्थे। तर ती काम गर्ने मानिसलाई सामाजिक रूपमा समान व्यवहार गरिएन। अर्थात् सीप आवश्यक थियो, तर सीपको मालिकलाई समान सम्मान दिइएन।

पहाडी विश्वकर्मा समुदाय कहिले र कुन प्रक्रियाबाट व्यापक रूपमा 'अछूत' श्रेणीमा पुग्यो ? भन्ने प्रश्नको स्पष्ट उत्तर अझै खोजीको विषय हो। 'मुलुकी ऐन १९१०' ले भने त्यसअघि विद्यमान सामाजिक श्रेणीकरणलाई कानुनी रूपमा व्यवस्थित र संस्थागत गरेको थियो। त्यसमा कामीलाई पानी नचल्ने तथा छोइछिटो लाग्ने समूहमा राखिएको थियो।

त्यसैले विश्वकर्मा समुदायको इतिहासलाई केवल 'तल्लो पेसा' को परिणाम भनेर बुझ्नु पर्याप्त हुँदैन। यसमा धार्मिक मान्यता, पेसागत विभाजन, सामाजिक शक्ति, राजनीतिक संरचना र राज्यको कानुनी व्यवस्थाको भूमिका खोज्न आवश्यक छ।

### *विश्वकर्मा देवता र वास्तविक विश्वकर्मा*

हिन्दू धार्मिक परम्परामा विश्वकर्मालाई 'देवताका शिल्पी तथा वास्तुकार' का रूपमा सम्मान गरिन्छ। त्यसैले विश्वकर्मा पूजा मूलतः शिल्प, निर्माण र प्राविधिक ज्ञानसँग जोडिएको सांस्कृतिक परम्परा हो।

तर यहाँ अर्को प्रश्न उठ्छ- विश्वकर्मालाई देवताका रूपमा सम्मान गर्ने समाजमा विश्वकर्मा परम्परासँग जोडिएका वास्तविक शिल्पीको सामाजिक हैसियत किन फरक भयो ?

नेपालका विभिन्न मन्दिरमा मूर्ति बनाउने काम सुनार तथा अन्य शिल्पी समुदायले गर्ने गरेको मौखिक परम्परा विश्वकर्मा समुदायमा पाइन्छ। मूर्ति बनाएर मन्दिरलाई हस्तान्तरण गर्ने शिल्पीले त्यसपछि त्यही मूर्तिलाई छुन नपाउने अवस्थाका कथाहरू पनि सुनिन्छन्।

यस विषयमा व्यवस्थित ऐतिहासिक अभिलेख होला। तर यस्तो मौखिक इतिहासले उठाउने प्रश्न भने महत्त्वपूर्ण छ- मूर्ति बनाउने व्यक्तिको हातबाट बनेको वस्तु पवित्र हुन सक्छ भने त्यो हात अपवित्र कसरी भयो ? यही प्रश्न जात व्यवस्थाको विरोधाभास बुझ्न उपयोगी हुन्छ।

### *अयोध्याको रामलला मूर्ति र विश्वकर्मा शिल्प परम्परा*

समकालीन भारतमा यसको एउटा चर्चित उदाहरण अयोध्याको राममन्दिरमा स्थापित 'रामलला' को मूर्ति हो। उक्त मूर्ति मैसुरुका मूर्तिकार अरुण योगिराजले निर्माण गरेका हुन्। उनी पुस्तौंदेखि मूर्तिकला गर्दै आएको शिल्पी विश्वकर्मा परिवारबाट आएका हुन्। उनका परिवारका अघिल्ला पुस्ताले पनि मूर्तिकला गरेका थिए।

कतिसम्म भने उनको परिवारको 'मूर्ति शिल्प' लाई मैसुरुका राजघरानाले अहिलेको भाषामा 'पेटेन्ट' गर्दै अन्य विभिन्न मन्दिरहरूको मूर्ति स्थापनामा प्रयोग गरेको देखिन्छ। यसले विश्वकर्मा परम्परासँग जोडिएको शिल्प ज्ञान आधुनिक समयमा पनि कति महत्त्वपूर्ण छ भन्ने देखाउँछ।

तर यही क्षेत्रको अर्को विश्वकर्मा समुदायले ओबीसी वा अन्य सामाजिक वर्गीकरणअन्तर्गत आफ्नो अधिकारका लागि सङ्घर्ष गरिरहेको हुन सक्छ। नेपालमा भने पहाडी विश्वकर्मा दलित वर्गीकरणमा छन्। त्यसैले हाम्रो मूल प्रश्न फेरि उही हो- एउटै शिल्प परम्परा, तर फरक सामाजिक हैसियत किन ?

### *भूगोलले जातको सामाजिक हैसियत बदल्छ ?*

भारत, नेपालको मधेस र नेपालको पहाडलाई तुलना गर्दा एउटा कुरा स्पष्ट हुन्छ- सामाजिक वर्गीकरण केवल पेसाका आधारमा निर्धारण भएको देखिँदैन। एउटै किसिमको काठको काम गर्ने समुदाय भारतमा ओबीसी हुन सक्छ, नेपालको मधेसमा बढई अलग सामाजिक समूहका रूपमा वर्गीकृत हुन सक्छ। त्यहीं पहाडी क्षेत्रमा फलाम, सुन, तामा, काठ वा अन्य शिल्पसँग सम्बन्धित विश्वकर्मा समुदाय दलित वर्गमा पर्न सक्छ।यसले 'जात व्यवस्था स्थिर र एउटै नियमबाट बनेको संरचना होइन' भन्ने देखाउँछ। यसको विकास भूगोल, इतिहास, धार्मिक मान्यता, राजनीतिक शक्ति र सामाजिक सम्बन्धसँग जोडिएको छ।

विश्वकर्मा समुदायको इतिहासमा अर्को अनुसन्धानको विषय पनि छ- के पहाडी विश्वकर्मा समुदाय सधैं शासित र सीमान्तकृत मात्र थियो ? विभिन्न स्थानीय परम्परा, विशेषगरी सैनिक, हतियार निर्माण र शिल्पसँग सम्बन्धित कथाहरूले उनीहरूको भूमिका राज्य र राजनीतिक संरचनासँग पनि जोडिएको देखाउँछन्। यसबारे थप ऐतिहासिक अनुसन्धान आवश्यक छ।

### *विश्वकर्मा पूजाको अर्थ के हो ?*

विश्वकर्मा पूजाको धार्मिक पक्ष आफ्नै ठाउँमा छ। तर यो दिनलाई श्रम र सीपको सम्मान गर्ने अवसरका रूपमा पनि लिन सकिन्छ। हामीलाई औजार बनाउने मानिस चाहिन्छ। मेसिन बनाउने र मर्मत गर्ने मानिस चाहिन्छ। घर बनाउने, गहना बनाउने, फलाम र तामाका सामग्री बनाउने मानिस चाहिन्छ। आधुनिक अर्थतन्त्रमा पनि यिनै सीपको महत्त्व छ। त्यसैले विश्वकर्मा पूजाको दिन एउटा प्रश्न उठाउनु आवश्यक छ- हामी विश्वकर्माको पूजा गर्दै छौं कि विश्वकर्माको शिल्पको ? र यदि शिल्पको सम्मान गर्छौं भने शिल्पीको सम्मान किन फरक हुन्छ ? एउटै विश्वकर्मा परम्परा- कतै ब्राह्मण जस्तो पहिचान, कतै पिछडा वर्ग, कतै दलित। आखिर फरक के हो- सीपमा, धर्ममा, भूगोलमा कि जात व्यवस्थाको सामाजिक इतिहासमा ?

यो प्रश्नको पूर्ण उत्तर अझै खोज्न बाँकी छ। तर विश्वकर्मा पूजाको अवसरमा यो प्रश्न उठाउनु भने आवश्यक छ। किनकि सीपको सम्मान र सीप गर्ने मानिसको सम्मान अलग-अलग कुरा हुन सक्दैन।

*साभार: अनलाइनखबरडटकम*

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ९ लाख घुससहित नापी अधिकृत पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, १ असोज। काठमाडौंका एक जना नापी अधिकृत घुससहित पक्राउ परेका छन्। काठमाडौं नापी कार्यालय डिल्ली बजार ३ नम्बर टोली माछापोखरी काठमाडौंका टोली प्रमुख नापी अधिकृत डिल्लीबहादुर वली ९ लाख रुपैयाँ घुस रकमसहित अख्तियारको फन्दामा परेका हुन्।

सेवाग्राहीलाई अनावश्यक हैरानी दिई घुस मागिरहेको उजुरीपछि घुस लिइसकेको अवस्थामा टोखा नगरपालिका-५ को सुन्धारा चोकमा रहेको एक रेस्टुरेन्टबाट अख्तियारको टोलीले उनलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको होउनीविरुद्ध विशेष अदालतको अनुमतिमा घुस/रिसवत भ्रष्टाचार सम्बन्धी मुद्दामा म्याद थप भई अनुसन्धान कार्य अगाडि बढाइएको अख्तियारले जनाएको छ।

# राष्ट्रपतिसमक्ष अख्तियारको वार्षिक प्रतिवेदन पेश



दैनिक समाचारदाता
काठमाडौं, १ असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गरेको छ।

बिहीबार राष्ट्रपति भवन शितल निवासमा आयोजित एक कार्यक्रममा आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आयोगको ३६ औं वार्षिक प्रतिवेदन पेश गरेका हुन्।

वार्षिक प्रतिवेदन पेश गर्दै प्रमुख आयुक्त राईले भ्रष्टाचारको स्वरूप र प्रवृत्ति परिवर्तन हुँदै गएको बताए।

भ्रष्टाचारका रूपमा गैरकानुनी लाभ वा हानि-नोक्सानी पुऱ्याउने, घुस रिसवत लिने-दिने, सार्वजनिक सम्पत्तिको हिनामिना तथा दुरुपयोग गर्ने, गैरकानूनी सम्पत्ति आर्जन गर्ने, नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी लाभ लिने, सरकारी राजस्व चुहावट गर्ने तथा गलत लिखत र प्रतिवेदन तयार गर्ने प्रवृत्ति देखिएको उनले बताए।

आयोगले अनुसन्धानलाई वैज्ञानिक र नतिजामुखी बनाउन जोखिमयुक्त क्षेत्र पहिचान गरी पूर्वसक्रिय अनुसन्धान प्रणाली अवलम्बन गर्न थालेको उनले जानकारी दिए। उनका अनुसार अनुसन्धानलाई प्रविधिमैत्री बनाउन डिजिटल फरेन्सिकलगायत अत्याधुनिक प्रविधिको प्रयोग बढाइएको छ। उनले आयोगमा एक वर्षमा ३३ हजार भन्दा बढी उजुरी परेको जानकारी दिए।

उनका अनुसार २०८२/८३ मा ३३ हजार ५२९ वटा उजुरी परेका थिए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ७ हजार ३२३ वटा उजुरी गरी ४० हजार ८४२ वटा भ्रष्टाचारसम्बन्धी उजुरी कायम भएको उनले जानकारी दिए।

तीमध्ये ३२ हजार ८२३ वटा अर्थात् ८० दशमलव ३७ प्रतिशत उजुरी स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फर्स्यौट गरिएको बताए।

समीक्षा अवधिमा विभिन्न माध्यमबाट ३३ हजार ५२९ उजुरी दर्ता भएका थिए भने अघिल्लो आर्थिक वर्षबाट ७ हजार ३२३ उजुरी जिम्मेवारी सरेका थिए। कुल कायम भएका उजुरीमध्ये ८ हजार १९ वटा फर्स्यौट हुन बाँकी रही चालु आर्थिक वर्षका लागि जिम्मेवारी सरेको उनले जानकारी दिए।

सबैभन्दा बढी भ्रष्टाचारसम्बन्धी उजुरी स्थानीय तहमा पर्ने गरेका छन्। स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै २० हजार २५ वटा अर्थात् ४९ प्रतिशत रहेको प्रमुख आयुक्त राईले जानकारी दिए। संघसँग सम्बन्धित १५ हजार ५१२ वटा अर्थात् ३३ दशमलव ९८ प्रतिशत र प्रदेशसँग सम्बन्धित ५ हजार ३०५ वटा अर्थात् १२ दशमलव ९९ प्रतिशत उजुरी रहेको उनले बताएका छन्।

# समुद्री पानीलाई खानेपानीमा बदल्ने नयाँ खोज



काठमाडौं। विश्वभर अझै पनि अर्बौं मानिसहरूसँग स्वच्छ पिउने पानीको पहुँच छैन। संयुक्त राष्ट्रसङ्घको अनुमान अनुसार २.२ अर्ब मानिसहरूसँग सुरक्षित पिउने पानीको सुविधा छैन। क्यालिफोर्निया देखि मध्यपूर्वसम्मका क्षेत्रहरू समुद्री पानीलाई पिउने पानीमा बदल्न डिसालिनेसन प्लान्टहरूमा निर्भर भइरहेका छन्।

डिसालिनेसनले पानीको आपूर्ति त गराउँछ, तर यसका पुराना विधिहरूका ठूला हानीहरू छन्। रिभर्स ओस्मोसिस र थर्मल डिस्टिलेसन जस्ता विधिहरूले धेरै ऊर्जा खपत गर्छन्। यी विधिहरूले ब्राइन भनिने धेरै कडा नुनिलो फोहोर पानी पैदा गर्छन्। त्यो नुनिलो पानीलाई पुनः समुद्रमा फाल्दा त्यसले समुद्री जीवहरूलाई नोक्सान पुऱ्याउँछ।

युनिभर्सिटी अफ रोचेस्टरका अनुसन्धानकर्ताहरूले यी समस्याहरूलाई एकैपटक समाधान गर्ने नयाँ तरिका निकालेका छन्। उनीहरूले ब्राइन ननिकाली र कुनै रसायन नमिलाई स्वच्छ पानी बनाउने सोलार थर्मल डिसालिनेसन सिस्टम बनाएका छन्। यो अनुसन्धान लाइट: साइन्स एन्ड एप्लिकेसनमा प्रकाशित भएको छ। यो अनुसन्धानको नेतृत्व अप्टिक्स र फिजिक्सका प्रोफेसर चुनलेई गुओले गरेका हुन्। यो प्रविधिको मुख्य भाग फेम्टोसेकेन्ड लेजरबाट तयार पारिएको कालो धातुको सोलार प्यानल हो। फेम्टोसेकेन्ड समयको धेरै सानो एकाइ हो, जुन एक सेकेन्डको एक एकाइको एक पन्ध्रौं भाग बराबर हुन्छ। यो लेजरले धातुको सतहमा सूक्ष्म संरचनाहरू बनाएर त्यसलाई प्रकाश र पानीसँग प्रतिक्रिया गर्ने बनाउँछ।

लेजर प्रक्रियाले धातुलाई घामको प्रकाश सोस्न धेरै सक्षम बनाउँछ। यसले धातुमा सुपरविकिङ गुण पनि दिन्छ, जसले गर्दा पानी थोपा नबनी सतहमा छिटो फैलिन्छ। प्रत्येक प्यानलमा लेजर गरिएको क्षेत्र हुन्छ, जसले समुद्री पानीको पातलो तहलाई आफूतिर तान्छ। कालो धातुले घामको ताप सोसेर पानीलाई बाफ बनाउँछ।

पानी बाफ बनेपछि नुन र अन्य खनिजहरू पछाडि छुट्छन्। प्यानलले ती नुनहरूलाई पानी बाफ बन्ने ठाउँमा जम्मा हुन नदिई छेउको भागतिर पठाइदिन्छ। नुन जम्मा हुनु सौर्य डिसालिनेसन प्रणालीको सबैभन्दा ठूलो चुनौती हो। नुनको कडा तह बन्यो भने त्यसले पानीको बहाव रोकेर मेसिनलाई काम गर्न नदिने बनाउँछ।

प्रोफेसर गुओले भने, "हामीले सतहमा कफी पोखिँदा देखिने कफी रिङ इफेक्टकै सिद्धान्त प्रयोग गरेर नुनलाई निष्क्रिय क्षेत्रतिर पठाउँछौं।" उनले अगाडि भने, "यदि तपाईंले सतहमा कफी पोखाउनुभयो भने पानी बाफ बनेर उड्छ र बाहिरको छेउमा कफीको कणहरूको एउटा घेरा बाँकी रहन्छ।"

अनुसन्धानकर्ताहरूले प्रशान्त, आन्ध्र र हिन्द महासागरबाट ल्याइएको वास्तविक समुद्री पानी प्रयोग गरेर परीक्षण गरेका थिए। ती प्रयोगहरूमा सतहले आफैंलाई सफा गर्दै स्वच्छ पानी निकाल्यो। यसले बाँकी रहेको नुनलाई छेउतिर पठाइदियो, जहाँबाट पछि नुन सङ्कलन गर्न सकिन्छ।

यस प्रविधिले कडा नुनिलो पानी निकाल्नुको सट्टा लगभग १०० प्रतिशत नुनलाई ठोस रूपमा बाहिर निकाल्छ। यो नुनलाई पछि खाने नुन वा अन्य महत्त्वपूर्ण खनिजका रूपमा प्रयोग गर्न सकिन्छ। यसबाट प्राप्त हुने सबैभन्दा महत्त्वपूर्ण खनिज लिथियम हो, जुन ब्याट्री बनाउन प्रयोग हुन्छ।

जर्नल अफ म्याटेरियल्स केमेस्ट्री ए मा प्रकाशित अर्को अध्ययनमा गुओ र उनका साथीहरूले यो प्यानलबाट लिथियम छुट्याउन सकिने देखाएका छन्। उनीहरूले कालो धातुका सूक्ष्म प्वालहरूमा हाइड्रोजन टाइटिनेट नामका ससाना कणहरू राखेका थिए। ती कणहरूले नुनको मिश्रणबाट लिथियमलाई मात्र छुट्याउँछन्।

प्रोफेसर गुओले भने, "जमिनबाट लिथियम निकाल्न ऊर्जा र वातावरणका हिसाबले धेरै गाह्रो साबित भएको छ, त्यसैले नुनिलो पानीबाट सिधै लिथियम निकाल्नु भविष्यको धेरै महत्त्वपूर्ण बाटो हुन सक्छ।"

ग्रेट साल्ट लेकको नुनबाट अनुसन्धानकर्ताहरूले करिब ५० प्रतिशत लिथियम निकाल्न सफल भए। यो प्रविधि अझै प्रारम्भिक चरणमा छ। अनुसन्धानकर्ताहरूले साना मेसिनहरूबाट यसको सफल परीक्षण गरेका छन्।

यो प्रविधिलाई ठूलो स्तरमा लैजान सकिन्छ। यसले बढ्दो विश्व जनसङ्ख्याका लागि स्वच्छ पिउने पानी दिनेछ। यसले डिसालिनेसनको फोहोर र खनिज उत्खननबाट वातावरणमा पर्ने असरलाई पनि घटाउनेछ।

# सरकारलाई सांसद थपलियाका सात प्रश्न

## '१०० बुँदे संकल्प कहाँ पुग्यो ?' देखि महँगी नियन्त्रणसम्मको जवाफ माग; बाढी प्रभावितलाई ऋणको ब्याज र विद्युत् महसुल छुट दिन आग्रह

दैनिक समाचारदाता
काठमाडौं, १ असोज। नेपाली कांग्रेसकी सांसद सीता थपलियाले चुनावका बेला गरिएका प्रतिबद्धता र सरकार गठनपछि भएका कामबीच कति तादम्यता छ भन्दै सरकारसँग सातवटा प्रश्न गर्नुभएको छ।

बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद थपलियाले सरकारको मूल्यांकन घोषणा र प्रतिबद्धताको संख्याबाट नभई त्यसको कार्यान्वयन तथा नागरिकको जीवनमा आएको परिवर्तनबाट हुनुपर्ने बताउनुभयो। उहाँले चुनावका बेला जनतासँग गरिएका वाचा पूरा भए-नभएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। थपलियाले सरकारसमक्ष '१०० बुँदे संकल्प कहाँ पुग्यो ?', 'अस्पतालमा उपचार पाइयो कि पाइएन ?', 'भूमिहीनले अधिकार पाए कि पाएनन् ?', 'युवाले अवसर पाए कि पाएनन् ?', 'सरकारले आफ्नै आयोगको प्रतिवेदन सार्वजनिक गऱ्यो कि गरेन ?', 'हिमालका आवाज विश्वले सुन्यो कि सुनेन ?' र 'सरकारले बजारको महँगी नियन्त्रण गर्न सक्यो ?' गरी सात प्रश्न राख्नुभयो। २१ फागुन २०८२ को निर्वाचनमा जनताले राखेको विश्वासअनुसार सरकारले काम गर्नुपर्ने उहाँले बताउनुभयो। प्रधानमन्त्री बालेन्द्र शाहले सरकार गठनपछि १०० दिनमा गर्ने भन्दै अघि सारेको १०० बुँदे कार्यसूची स्मरण गराउँदै थपलियाले त्यसको कार्यान्वयनबाट कति नागरिकको जीवनमा परिवर्तन आयो भन्ने प्रश्न गर्नुभयो। सरकारले गरेका घोषणा र त्यसको वास्तविक परिणामबीचको अन्तरबारे सदनमा जवाफ दिनुपर्ने उहाँको भनाइ थियो। थपलियाले भोटेकोशी बाढीका कारण त्रिशूली नदीमा रहेको फुर्केखोलाको पुल बगेको २३ दिन बितिसक्दा पनि आवागमन सहज बनाउन अस्थायी बेलिब्रिज निर्माण हुन नसकेको बताउनुभयो। यस विषयमा पटक-पटक संसदमार्फत सरकारको ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको उहाँको गुनासो थियो।

बाढीबाट प्रभावित धादिङ, रसुवा र नुवाकोटका व्यवसायी तथा सर्वसाधारणले बैंकबाट लिएको ऋणको ब्याज र विद्युत् महसुल पुनःस्थापना नहुन्जेलसम्म छुट दिन सरकारले आवश्यक निर्णय गर्नुपर्ने उहाँले माग गर्नुभयो। यसअघि पनि सांसद थपलियाले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाको विषय संसद्मा उठाउँदै आउनुभएको छ। भाद्र १८ गतेको प्रतिनिधिसभा बैठकमा उहाँले बाढी प्रभावित क्षेत्रमा प्रभावकारी उद्धार हुन नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद थपलियाले सरकारको प्राथमिकता नागरिकका दैनिक समस्या समाधान, सार्वजनिक सेवा सुधार र परिणाममुखी काममा केन्द्रित हुनुपर्ने बताउँदै प्रतिबद्धता कार्यान्वयनको स्पष्ट जवाफ दिन सरकारसँग आग्रह गर्नुभयो।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# भ्रष्टाचारका उजुरीमा मधेश सबैभन्दा अगाडि

## सात प्रदेशविरुद्ध परेका ५ हजार ३०५ उजुरीमध्ये मधेशका १ हजार ४७५; भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका उजुरी बढी

दैनिक समाचारदाता
जनकपुरधाम, १ असोज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारसँग सम्बन्धित दर्ता भएका भ्रष्टाचार तथा अनियमिततासम्बन्धी उजुरीमध्ये सबैभन्दा धेरै मधेश प्रदेशविरुद्ध परेका छन् ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सातवटै प्रदेश सरकारसँग सम्बन्धित कुल ५ हजार ३०५ वटा उजुरी दर्ता भएका थिए । तीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरीको संख्या १ हजार ४७५ रहेको छ । यो कुल उजुरीको २७ दशमलव ८० प्रतिशत हो ।

प्रदेशगत रूपमा सबैभन्दा कम उजुरी गण्डकी प्रदेशसँग सम्बन्धित रहेको आयोगले जनाएको छ । गण्डकी प्रदेशविरुद्ध ४०७ वटा उजुरी दर्ता भएका छन्, जुन कुल उजुरीको ७ दशमलव ६७ प्रतिशत हो ।



आयोगका अनुसार प्रदेशअनुसार उजुरीको प्रकृतिमा भने भिन्नता देखिएको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या बढी रहेको छ ।

मधेश प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेको आयोगले जनाएको छ । यसले प्रदेशमा सडक, पुल, भवनलगायतका पूर्वाधार निर्माण तथा यातायातसँग सम्बन्धित कामकारबाहीमा अनियमितताको आशंका वा गुनासो उल्लेख्य रहेको देखाउँछ ।

भूमि व्यवस्थापनसहित प्रदेश सरकारका विभिन्न १० मन्त्रालय तथा क्षेत्रसँग सम्बन्धित उजुरीसमेत उल्लेख्य संख्यामा परेको आयोगले जनाएको छ । उजुरीमा सार्वजनिक स्रोतसाधनको दुरुपयोग, विकास निर्माणमा अनियमितता, सरकारी सेवा प्रवाह तथा प्रशासनिक कामकारबाहीसँग सम्बन्धित विषय समेटिएका छन् ।

अख्तियारमा उजुरी धेरै पर्नु मात्रबाट सम्बन्धित निकायमा भ्रष्टाचार भएको निष्कर्ष भने निकाल्न मिल्दैन । उजुरीमाथि प्रारम्भिक छानबिन र अनुसन्धानपछि प्रमाणका आधारमा आयोगले आवश्यक निर्णय तथा कारवाही प्रक्रिया अघि बढाउने गर्दछ । त्यसैले मधेश प्रदेशसँग सम्बन्धित उजुरीको संख्या धेरै हुनुको कारण र तीमध्ये कति उजुरी पुष्टि भए भन्ने विषयलाई समेत छुट्टै आधारमा हेर्नुपर्ने हुन्छ ।

प्रदेश सरकार र मातहतका निकायमा हुने सार्वजनिक कामकारबाहीलाई पारदर्शी, जवाफदेही र कानुनसम्मत बनाउनुपर्ने आवश्यकता यस तथ्यांकले देखाएको छ । विशेषगरी भौतिक पूर्वाधार तथा यातायात क्षेत्रमा ठूलो सार्वजनिक स्रोत परिचालन हुने भएकाले योजना छनोटदेखि कार्यान्वयन र भुक्तानीसम्मका प्रक्रियामा प्रभावकारी अनुगमन तथा वित्तीय अनुशासन आवश्यक देखिन्छ ।

अख्तियारले चालु आर्थिक वर्षमा समेत प्रदेश तथा स्थानीय तहका सार्वजनिक निकायमा हुने अनियमितता र भ्रष्टाचारसम्बन्धी उजुरीमाथि निगरानी, छानबिन तथा अनुसन्धान जारी रहने जनाएको छ ।

# १३ लाख ६५ हजार नगदसहित भारतीय नागरिक पक्राउ

## धनौजीमा मोटरसाइकल जाँचका क्रममा रकम बरामद; स्रोत र ओसारपसारको उद्देश्यबारे अनुसन्धान



दैनिक समाचारदाता
जनकपुरधाम, १ असोज । धनुषामा स्रोत खुल्न नसकेको १३ लाख ६५ हजार रुपियाँ नगदसहित एक भारतीय नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारतको मधुवनी जिल्लास्थित खौनाका ३५ वर्षीय राधाकान्त बयार रहेका छन् । उनलाई धनौजी गाउँपालिका-२ स्थित गोरदाहा-देउरी भित्री सडकखण्डबाट बुधबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार प्रहरी चौकी धनौजी (ख) बाट प्रहरी सहायक निरीक्षक राजकुमार मिश्रको कमान्डमा खटिएको गस्ती टोलीले लखौरीबाट गोरदाहातर्फ आउँदै गरेको बीआर ३२ बीबी १८९९ नम्बरको मोटरसाइकल रोकेर जाँच गरेको थियो ।

जाँचका क्रममा बयारले कपडाको पेटीभित्र १३ लाख ६५ हजार रुपियाँ राखेर कम्मरमा बाँधेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । रकमको स्रोत खुलाउन नसकेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरी प्रवक्ता खनालले बताउनुभयो ।

प्रहरीका अनुसार बयारविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ (क) तथा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९५ बमोजिम अनुसन्धान अघि बढाइएको छ ।

बरामद रकमको स्रोत, रकम ओसारपसार गर्नुको उद्देश्य तथा घटनासँग सम्बन्धित अन्य पक्षबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# सहिद-घाइते सुविधामा विभेद नगर्न सर्वोच्चको अन्तरिम आदेश

## जेनजी आन्दोलनका शहीद परिवार र घाइतेलाई लक्षित आर्थिक ऐनका व्यवस्था तत्काल कार्यान्वयन नगर्न आदेश; रिटको अन्तिम टुंगो बाँकी

दैनिक समाचारदाता
काठमाडौं, १ असोज । सर्वोच्च अदालतले जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई लक्षित गरी आर्थिक ऐन, २०८३ मा गरिएको विशेष व्यवस्था तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा तथा न्यायाधीशहरू कुमार रेग्मी, डा. नहकुल सुवेदी, विनोद शर्मा र शारङ्गा सुवेदी सम्मिलित संवैधानिक इजलासले अधिवक्ता ज्ञानेन्द्रराज आरणले दायर गरेको रिटमाथि बुधबार सुनुवाइ गर्दै यस्तो आदेश दिएको हो ।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य तथा आर्थिक ऐन, २०८३ मा जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई लक्षित गरी विशेष व्यवस्था गरिएको थियो । उक्त व्यवस्थाले अन्य ऐतिहासिक जनआन्दोलन तथा संघर्षका शहीद, उनीहरूका परिवार र घाइतेबीच असमानता हुने दाबी गर्दै आरणले रिट दायर गरेका थिए ।

रिटमा आर्थिक ऐन, २०८३ को प्रकरण ४९(ख) र ५९(ङ) तथा बजेट वक्तव्यमा रहेका सम्बन्धित व्यवस्था संविधानविपरीत र विभेदकारी रहेको दाबी गर्दै कार्यान्वयन रोक्न माग गरिएको थियो । सर्वोच्चले विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहीद, उनीहरूका परिवार तथा घाइतेबीच भेदभाव वा असमानता हुने गरी विवादित व्यवस्था कार्यान्वयन नगर्न आदेश दिएको छ । अदालतले संविधानको प्रस्तावनामा ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई सम्मान गर्ने तथा शहीद, बेपत्ता र पीडित नागरिकलाई सम्मान गर्ने विषय उल्लेख भएको पक्षलाई समेत आदेशको आधार बनाएको छ ।



बजेट वक्तव्यकै प्रारम्भिक प्रकरणमा विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहीदप्रति श्रद्धाञ्जली तथा आन्दोलनमा आहत नागरिकप्रति सहानुभूति व्यक्त गरिएको उल्लेख भए पनि त्यसपछिका व्यवस्थामा जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेलाई मात्र लक्षित सुविधा राखिएको विषय रिटमा उठाइएको थियो । सर्वोच्चले यसअघि विपक्षीहरूलाई रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा आधार र कारणसहित लिखित जवाफ पेस गर्न आदेश दिइसकेको थियो । लिखित जवाफ प्राप्त भएपछि वा जवाफ पेस गर्ने अवधि समाप्त भएपछि रिटलाई नियमानुसार अघि बढाइने अदालतले जनाएको छ ।

अदालतको पछिल्लो आदेश अन्तरिम प्रकृतिको भएकाले यसबाट विवादित व्यवस्थाको संवैधानिक वैधताबारे अन्तिम निर्णय भएको छैन । रिटको अन्तिम सुनुवाइबाट मात्रै त्यससम्बन्धी कानुनी प्रश्नको टुंगो लाग्नेछ ।

यसअघि सरकारले जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेका माग सम्बोधन गर्न राहत, क्षतिपूर्ति, स्वास्थ्य उपचार, शिक्षा, रोजगारी र सामाजिक सुरक्षालगायतका विषय समेटिएको व्यवस्थालाई अघि बढाउँदै आएको थियो ।

# खाता नखुल्दा......

बिहारी, धनुषाधाम, कमला, नगराइन, हंसपुर, सबैला, शहीदनगर र विदेह नगरपालिका रहेका छन् । बटेश्वर र मुखियापट्टी मुसहरनिया गाउँपालिकाको आर्थिक खातासमेत सञ्चालनमा आउन सकेको छैन ।

आर्थिक वर्ष सुरु भएको दुई महिना बितिसक्दा पनि स्थानीय तहको आर्थिक कारोबार सञ्चालन नहुनु सामान्य प्रशासनिक ढिलाइ मात्र होइन, यसको प्रत्यक्ष असर विकास निर्माण र सेवा प्रवाहमा पर्न सक्छ । बजेट कार्यान्वयन, योजना तथा कार्यक्रम सञ्चालन, कर्मचारी तथा सेवाप, दायककाे भुक्तानीलगायतका काम प्रभावित हुँदा स्थानीय तहको नियमित कामकाजसमेत कमजोर बन्ने जोखिम हुन्छ ।

स्थानीय तहको बजेट केवल कागजमा पारित गरेर मात्र त्यसको उद्देश्य पूरा हुँदैन । बजेट कार्यान्वयनका लागि आवश्यक कानुनी र प्रशासनिक प्रक्रिया समयमै पूरा गर्नु स्थानीय सरकारको आधारभूत जिम्मेवारी हो । आर्थिक वर्षको सुरुमै गर्नुपर्ने काममा ढिलाइ हुँदा वर्षको अन्त्यतिर हतारमा बजेट खर्च गर्ने प्रवृत्ति बढ्न सक्ने र त्यसले विकास खर्चको गुणस्तरमा समेत प्रश्न उठाउन सक्छ ।

त्यसैले खाता सञ्चालनमा ढिलाइ भएका पालिकाले बाँकी कानुनी प्रक्रिया तत्काल पूरा गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले पनि आवश्यक समन्वय र सहजीकरण गर्नुपर्छ । स्थानीय तहको वित्तीय अनुशासन र जवाफदेहितालाई बलियो बनाउन बजेट पारितदेखि कार्यान्वयनसम्मका प्रक्रिया समयबद्ध बनाइनुपर्छ ।

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । त्यसैले उसको वित्तीय कामकारबाहीमा हुने ढिलाइको प्रत्यक्ष प्रभाव नागरिकको सेवा र विकासमा पर्छ । नयाँ आर्थिक वर्षको सुरुवातमै देखिएको यो अवस्थाबाट पाठ सिक्दै आगामी दिनमा बजेट र आर्थिक कारोबारसँग सम्बन्धित प्रक्रिया समयमै सम्पन्न गर्ने संस्थागत व्यवस्था आवश्यक छ ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४